रहेको छ । इन्जिनियरिङ र विज्ञान तथा प्रविधिमा भने पुरुषको संख्या महिलाभन्दा बढी देखिन्छ । चिकित्साशास्त्रमा महिला र पुरुषबीचको अन्तर तुलनात्मक रुपमा कम छ । यसरी उच्च शिक्षा अन्तर्गत अप्राविधिक क्षेत्रमा महिलाको सहभागिता बढ्दै गएको छ भने प्राविधिक क्षेत्रमा पुरुषको सहभागिता महिलाको भन्दा धेरै रहेको देखिन्छ ।

## २.४ महिला सशक्तीकरण :

नेपालमा महिला सशक्तीकरण भनेको महिलाहरुलाई सामाजिक, आर्थिक र राजनीतिक रुपमा सक्षम बनाउने प्रकृया हो । पछिल्ला वर्षहरुमा शिक्षामा पहुँच, स्वास्थ्यमा सुधार, सरकारी सेवा एवं राजनीतिमा आरक्षण लगायतले गर्दा महिला सशक्तीकरणको अवस्था क्रमशः सुधार हुँदै गएको छ । संविधानले महिलालाई समान अधिकार सुनिश्चित गरेको भएता पनि व्यवहारमा अझै विभेद, हिंसा र असमानता विद्यमान छ । महिला सशक्तीकरणले मात्र समतामुलक र दिगो विकास सम्भव हुन्छ ।


### २.४.१ निजामती सेवामा महिलाको स्थिति :

नेपालमा १३ प्रकारका सेवा समाहित भएको निजामती कर्मचारीको संख्यामा पनि पछिल्ला वर्षहरुमा महिलाको उपस्थिति अपेक्षाकृत सन्तोषजनक देखिन्छ । विशेषत नेपालको अन्तरिम संविधान २०६३ ले निजामती सेवामा महिला आरक्षण व्यवस्थाको कारण पछिल्ला वर्षमा महिला सहभागिता क्रमशः वृद्धि हुँदै २९.२% पुगेको छ यद्धपि नीतिगत तहमा भने महिलाको सहभागिता ११.६ प्रतिशत मात्र रहेको देखिन्छ ।

| आ.व. | पुरुष | महिला | महिला (%) |
|---|---|---|---|
| २०७८/७९ | ६२४८२ | २३७१२ | २७.५ |
| २०७९/८० | ६१४२६ | २४०९४ | २८.२ |
| २०८०/८१ | ६१००६ | २४४२९ | २८.६ |
| २०८१/८२ | ६०७२० | २५०९२ | २९.२ |


### २.४.२ अचल सम्पत्तिमा महिलाको स्वामित्व :


घर जग्गामाथिको स्वामित्वले महिला सशक्तीकरणमा उल्लेख्य भुमिका खेल्दछ । पछिल्लो वर्ष यस्ता अचल सम्पत्तिमा महिलाको स्वामित्व बढेर गएको छ । विशेषत सरकारी नीतिअनुसार महिलाको स्वामित्वमा घरजग्गा खरिद गर्दा राजश्वकर कम लाग्ने भएकाले पनि केही हदसम्म महिलाको अचल सम्पत्तिमा स्वामित्व बढेको छ भने पछिल्लो समय महिला स्वयं जागरुक एवं सशक्त भएकाले पनि सम्पत्तिमाथि महिलाको स्वामित्व वृद्धि भएको देखिन्छ ।





### २.४.३ महिलाको राजनीतिमा सहभागिता:

नेपालको तीन तहको सरकारमा महिला सहभागिताले महिला सशक्तीकरणलाई उजागर गर्दछ । निर्वाचित महिलाहरुको तथ्याङ्कलाई तुलना गर्दा संघीय सरकारमा भन्दा स्थानीय सरकारमा महिलाको उपस्थिति तुलनात्मकरुपमा बढी देखिन्छ । सवैधानिक प्रावधानअनुसार पनि स्थानीय तहमा महिला सहभागिता उल्लेख्य देखिएको छ । संलग्न चित्रहरुले महिलाको राजनैतिक सहभागिताको विद्यमान स्थिति देखाउँछ ।





### २.४.४ मानव विकास सूचकाङ्कमा महिला :


मानव विकास सूचकाङ्क समग्र विकासस्तर मापन गर्ने सूचक हो । यहाँ प्रस्तुत गरिएको महिला तथा पुरुषको छुट्टाछुट्टै सूचकहरुले उनीहरुको जीवनस्तर कस्तो छ भन्ने देखाउँछ । यो सूचकाङ्क मूलत स्वास्थ्य, शिक्षा र आयमा निर्भर गर्दछ । संलग्न चित्रले पुरुषको विकास सूचकाङ्क स्थिति महिलाको तुलनामा उच्च रहेको देखिन्छ । महिलाको विकासस्तर समग्रमा सुधारोन्मुख भएपनि बीचमा केही उतारचढाव देखिन्छ भने पुरुषको विकासस्तर लगातार बढेको देखिन्छ ।




## २.५ विविध:

### २.५.१ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने महिलाको संख्या:

सामाजिक सुरक्षा राज्यको एक महत्वपूर्ण जिम्मेवारी हो । आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा पछाडि परेका वा जोखिममा रहेका वर्ग तथा समुदायको जीवनस्तर सुधार गर्दै उनीहरुलाई आधारभुत जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यले सरकारले प्रदान गर्ने विशेष सुविधा नै सामाजिक सुरक्षा भत्ता हो । वि.सं. २०५१/५२ देखि नेपाल सरकारले बृद्ध भत्ता कार्यक्रम शुरु गरेको हो, जसले हाल विभिन्न क्षेत्र र समुदायलाई समेट्दै नागरिकको जीवनयापनमा सहयोग पुऱ्याउँदै आएको छ । पछिल्ला चार आ.व.को तथ्याङ्क हेर्दा पुरुषको तुलनामा महिला लाभग्राहीको संख्या बढी रहेको देखिन्छ साथै दुबै समुहमा केही वर्षयता संख्यात्मक गिरावट चाँहि देखिन्छ ।




### २.५.२ मानव बेचविखनमा महिलाको विवरण:

आ.व.२०७९/८० देखि २०८१/८२ सम्म मानव बेचबिखनमा परी प्रहरीमा मुद्दा दर्ता भएका संख्या र पीडितहरुको संख्या तुलना गर्दा अधिकांश पीडित महिला रहेको देखिन्छ । पछिल्लो आ.व.मा भने यो संख्यामा केही कमी आएको देखिन्छ । यस मन्त्रालयमा रहेको मानव बेचविखन तथा ओसारपसार नियन्त्रण शाखाले विभिन्न सरोकारवाला निकायसँगको समन्वयमा मानव बेचविखन नियन्त्रण तथा पुनर्स्थापना कार्य गर्दैआएको छ ।

| आ.व. | मुद्दा दर्ता | पिडित | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| २०७९/८० | १६३ | २१३ | १९ | २३२ |
| २०८०/८१ | १७० | १९९ | १७ | २१६ |
| २०८१/८२ | १५१ | १६९ | १५ | १८४ |

### २.५.३ हराएका/फेलापरेका बालबालिका संख्या:

नेपालमा विगत लामो सयमदेखि बालबालिका हराउने फेलापर्ने क्रम जारिरहेको देखिन्छ । समग्र रुपमा हेर्दा प्रत्येक वर्ष बालबालिका हराउने संख्यामा वृद्धि हुँदै गएको देखिन्छ । त्यसैगरी फेला परेका बालबालिकाको संख्या पनि वर्षेनि बढ्दै गएको देखिन्छ । यसबाट हराउने घटनासँगै फेला पार्ने प्रयास पनि बढेको नै देखिन्छ । बालिकाको संख्या बालकको तुलनामा दुवै अवस्थामा बढिरहेको संलग्न तालिकाले देखाउँछ । त्यस्तैगरी हराएका सबै बालबालिका फेला पर्न नसकेको अवस्था समेत देखिन्छ ।

| आ.व. | हराएका | | फेलापरेका | |
|---|---|---|---|---|
| | बालिका | बालक | बालिका | बालक |
| २०७८/७९ | ३४३१ | १२१५ | ३२४० | ११५७ |
| २०७९/८० | ४२२५ | १६०१ | ३७१३ | १४३७ |
| २०८०/८१ | ४७६१ | १८२९ | ४१८२ | १६४९ |
| २०८१/८२ | ६००० | २१७९ | ५५६७ | २०३७ |

### २.५.४ प्रहरीमा उजुरी परेका महिला पीडित भएका अपराधको संख्या:

विगत चार आर्थिक वर्षहरुमा नेपाल प्रहरीमा उजुरी परेका विभिन्न सामाजिक हिंसासम्बन्धी घट्नाहरुको विवरण संलग्न तालिकामा देखाइएको छ । यस अवधिमा विभिन्न हिंसाहरुमध्ये घरेलु हिंसामा सबै भन्दा बढी उजुरी परेको देखिन्छ । बलात्कारका घट्नाहरुको संख्यामा केही थपघट हुँदै पछिल्लो आ.व.मा थोरै कमी आएको छ । बहुबिबाह र बोक्सीको आरोपमा परेका उजुरी संख्यामा क्रमिकरुपमा घट्दै गएको देखिन्छ । पछिल्ला वर्षहरुमा जातीय छुवाछुतका घट्नामा खासै फरक आएको देखिदैन । समग्रमा केही क्षेत्रमा सुधार देखिए पनि विभिन्न प्रकारका सामाजिक हिंसा अझै विद्यमान रहेको स्पष्ट देखिन्छ ।

| आ.व. | घरेलु हिंसा | बलात्कार | बहुबिबाह | बालबिबाह | बोक्सीको आरोप | जातीय छुवाछुत |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | १७००० | २३८० | ८०९ | ५२ | ४९ | १५ |
| २०७९/८० | १६५१९ | २३८७ | ७२३ | ५२ | ४३ | २७ |
| २०८०/८१ | १६४१६ | २५०७ | ६५३ | ५२ | २३ | २९ |
| २०८१/८२ | १७४९६ | २२५३ | ५६८ | ६१ | २९ | २९ |


### २.५.५ उमेर समुह (१५-४९) का महिलाले भोगेको यौन तथा शारीरिक हिंसा (प्रतिशतमा):

संलग्न तालिकाले वि.सं. २०६८, २०७३ र २०७९ मा महिलामाथि भएका विभिन्न प्रकारका हिंसाको अवस्थालाई देखाउँछ । २०६८ मा पछिल्ला १२ महिनामा भएको यौन हिंसा ६.४% रहेकोमा २०७३ मा घटेर ३.३% पुगेकोमा पुनः २०७९ मा बढेर ३.५% पुगेको देखिन्छ । शारीरिक हिंसाको दर भने वि.सं.२०६८ मा ९.३% बाट घटेर २०७३ मा ९.१% हुँदै २०७९ मा बढेर १०.६% पुगेको देखिन्छ । जीवनकालमा १५-४९ वर्ष उमेर समुहका महिलाले अनुभव गरेको यौन तथा शारीरिक हिंसा २०६८ मा २६% रहेकोमा २०७३ मा घटेर २३.४% भएको र पुनः २०७९ मा सामान्य वृद्धि भई २३.८% पुगेको देखिन्छ । यसले समाजमा यौन तथा शारीरिक हिंसा अझै पनि चिन्ताजनक रुपमा रहेको संकेत मिल्छ ।

| हिंसाको प्रकार | २०६८ | २०७३ | २०७९ |
|---|---|---|---|
| पछिल्लो १२ महिनामा भएको यौन हिंसा (%) | ६.४ | ३.३ | ३.५ |
| पछिल्लो १२ महिनामा भएको शारीरिक हिंसा (%) | ९.३ | ९.१ | १०.६ |
| जीवनकालमा भएको यौन/शारीरिक हिंसा (%) | २६ | २३.४ | २३.८ |

### २.५.६ लैङ्गिक उत्तरदायी बजेट :

महिला सशक्तीकरणमा लैङ्गिक उत्तरदायी बजेटको भुमिका महत्वपूर्ण रहन्छ । नेपाल सरकारले बजेटलाई महिलामा लगानी भएको खर्च पहिचान गर्न बजेट कार्यक्रमलाई प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ गरी तीन वर्गमा विभाजन गर्दै आएको छ । यस प्रकारको बजेट प्रणालीले नीति निर्माणलाई समावेशी बनाउन र महिला पुरुष बीचको असमानता घटाउने दिशामा महत्वपूर्ण भुमिका खेल्दछ । विगत चार आर्थिक वर्षको तुलना गर्दा महिला लक्षित प्रत्यक्ष बजेट क्रमशः वृद्धि भइरहेको देखिन्छ ।




### २.५.७ मन्त्रालयको कार्यक्षेत्र :

नेपाल सरकार (कार्य विभाजन) नियमावली २०८३ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रभित्र महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, मुक्त कमैया, कम्लहरी, हरवा, चरवा, हलिया लगायत पर्दछन् । विभिन्न नीति, ऐन, नियम-कानूनहरु, दीर्घकालीन तथा आवधिक योजनाहरु, नेपाल पक्ष भएका क्षेत्रीय एवं अन्तर्राष्ट्रिय महासन्धि तथा इच्छाधिन आलेखहरु, नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सभा-सम्मेलनहरु लगायत संरक्षण, उत्थान, सशक्तीकरण, विकास, पुनर्स्थापना यस मन्त्रालयका कार्यादेशका आधारहरु हुन । समग्रतामा उल्लिखित जनसंख्याको मूलप्रवाहीकरण, सशक्तिकरण, समावेशीकरण र सामाजिक सुरक्ष जस्ता रणनीतिको आधारमा समतामय समुदाय निर्माण गर्न विभिन्न विपन्न वर्गका लागि समयको प्रवाहसँगै सार्थक पहल गर्ने उद्देश्यपूर्तिका लागि यो मन्त्रालयको स्थापना भएको छ । यसको कतिपय कार्य प्रगति अन्य निकायको कार्यसम्पादनसँग भरपर्नु पर्ने भएकाले सबै सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्दै आफ्ना कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको छ ।

| समुह | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १,४९,११,०२७ | ५१.१३ |
| बालबालिका (०-१७ वर्ष) | ९८,६९,५८३ | ३३.८४ |
| जेष्ठ नागरिक (६०+ वर्ष) | २९,७७,३१८ | १०.२१ |
| अपांगता भएका व्यक्तिहरु | ६,४७,७४४ | २.२२ |
| यौनिक तथा लैंगिक अल्पसंख्यक | २९२८ | ०.०१ |
| महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र यौनिक तथा लैंगिक अल्पसंख्यक | २,२५,०२,७५२ | ७७.१६ |
| नेपाल | २,९१,६४,५७८ | |


*नोटः यहाँ प्रस्तुत गरिएका तथ्याङ्कको मुख्य श्रोत राष्ट्रिय तथ्याङ्क कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, गृह मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विश्वविद्यालय अनुदान आयोगबाट प्रकाशित तथ्याङ्क तथा प्रतिवेदनहरु रहेका छन् ।*





# तथ्याङ्कमा महिला

## वैशाख, २०८३




नेपाल सरकार
**महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय**
सिंहदरबार, काठमाडौं
फोन नं. : ४२००४०८/४२००३३७/४२१११९०
फ्याक्स नं. : ४२००११६, Email: info@mowcsc.gov.np
Web : www.mowcsc.gov.np

## १. नेपालको परिचय

नेपाल दक्षिण एशियामा अवस्थित एक सार्वभौम, धर्मनिरपेक्ष, समावेशी तथा स्वतन्त्र राष्ट्र हो । यसले विश्वकै सर्वोच्च शिखर सगरमाथा (Mount Everest) तथा भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको कारण अन्तर्राष्ट्रिय समुदायमा विशिष्ट पहिचान राखेको छ । भू-परिवेष्ठित मुलुकका रुपमा रहेको नेपालले विश्वको कूल भू-भागको करिव ०.०३ प्रतिशत तथा एशिया महादेशको कूल भू-भागको करिव ०.३ प्रतिशत क्षेत्रफल ओगटेको छ । यहाँको भौगोलिक बनावट तथा जलवायु विविध र बहुआयामिक प्रकृतिको रहेको छ । नेपाल पूर्वदेखि पश्चिमसम्म औसत करिव ८८५ किलोमिटर फैलिएको छ भने उत्तरदेखि दक्षिणसम्म औसत चौडाइ करिव १९३ किलोमिटर फैलावट सहित कुल १,४७,१८१ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ । नेपाल पूर्व-पश्चिम दिशामा फैलिएका तीन प्रमुख भूधरातलिय क्षेत्रहरुमा विभाजित रहेको छ । उत्तरी हिमाली क्षेत्रमा विश्वकै उच्च हिमश्रृंखलाहरु अवस्थित छन, जहाँ ८,००० मिटरभन्दा माथिका आठवटा शिखरहरु रहेका छन् । तीमध्ये विश्वकै सर्वोच्च शिखर सगरमाथा (८८४८.८६ मिटर) पनि यही पर्दछ । मध्य पहाडी क्षेत्रमा मनमोहक पहाड, उपत्यका तथा तालहरु रहेका छन् र यही क्षेत्रमा नेपालको संघीय राजधानी काठमाडौं अवस्थित छ । दक्षिणी भागमा तराई क्षेत्र पर्दछ, जुन समथर भूभाग हो र कृषि उत्पादनको मुख्य केन्द्र भएकाले यसलाई देशको अन्न भण्डार पनि भनिन्छ । नेपालको अधिकांश कृषि उत्पादन यही क्षेत्रमा हुने गर्दछ । यसको उत्तरी सीमाना चीनसँग जोडिएको छ भने पूर्व, पश्चिम र दक्षिण भारतसँग जोडिएको छ । नेपालको संविधान २०७२ अनुसार नेपाल सात वटा प्रदेशहरु सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । देशलाई ७५३ स्थानीय तहमा विभाजन गरिएको छ, जसमा ६७४३ वडाहरु सहित ४६० गाँउपालिका, २७६ नगरपालिका, ११ उपमहानगरपालिका र ६ महानगरपालिका समावेश छन् । नेपालमा जम्मा ७७ प्रशासनिक जिल्ला रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कूल जनसंख्या २,९१,६४,५७८ रहेको छ । देशको कुल जनसंख्यामध्ये ५१.१३ प्रतिशत महिलाहरु रहेका छन् जसले महिलाको संख्यात्मक बाहुल्यता देखाउँछ । नेपालको वार्षिक जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत रहेको छ भने लैङ्गिक अनुपात ९५.५९ रहेको छ । नेपाल १४२ जातजाति, १२४ भाषा र १० धर्म सहितको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक राष्ट्र हो ।

## २. तथ्याङ्कमा महिलाको अवस्था

### २.१ जनसंख्या :

पछिल्लो सय वर्षमा नेपालको जनसंख्या निरन्तर बढ्दै आएको छ । वि.सं.१९६८ को जनगणनाअनुसार नेपालको जनसंख्या करिव ५६ लाख थियो भने वि.स.२०७८ को जनगणनाअनुसार नेपालको कुल जनसंख्या २,९१,६४,५७८ पुगेको छ । विशेष गरी पछिल्ला केही दशकहरुलाई हेर्दा यहाँको जनसंख्या विश्वका अन्य विकासोन्मुख देशहरुमा जतिको तिव्र गतिमा वृद्धि भएको भने देखिँदैन । जनसंख्या वृद्धिलाई प्रभाव पार्ने दुई प्रमुख कारकहरु छन् । पहिलो, घट्दो प्रजनन तथा मातृ मृत्युदर र महिलाको स्वास्थ्य अवस्थामा आएको सुधार जसका कारण महिलाहरुको औसत आयु समेत बढेको छ । दोश्रो, अधिकांश पुरुषहरु वैदेशिक रोजगारमा जानु पनि रहेको छ ।



#### २.१.१ महिलाको जनसांख्यिक अवस्था:

विगत चार दशकमा नेपालको कुल जनसंख्या क्रमशः बढ्दै गएको छ तर जनसंख्या वृद्धिदर भने घट्दै गएको देखिन्छ । महिलाको जनसंख्या पुरुषको तुलनामा पछिल्ला वर्षहरुमा बढेर गएको छ । पछिल्लो जनगणना २०७८ अनुसार प्रति १०० महिलामा पुरुषको संख्या करिव ९६ रहेको छ । पछिल्लो दशकमा जनसंख्या वृद्धिदर ०.९२ मा झरेको छ ।

| प्रमुख सूचकहरु | | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|
| जनसंख्या | जम्मा | १८४९१०९७ | २३१५१४२३ | २६४९४५०४ | २९१६४५७८ |
| | महिला | ९२७०१२३ | ११५८७५०२ | १३६४५४६३ | १४९११०२७ |
| | पुरुष | ९२२०९७४ | ११५६३९२१ | १२८४९०४१ | १४२५३५५१ |
| लैंगिक अनुपात | | ९९.४७ | ९९.८० | ९४.१६ | ९५.५९ |
| जनसंख्या वृद्धिदर | | २.०८ | २.२५ | १.३५ | ०.९२ |


#### २.१.२ उमेरसमुहअनुसार महिलाको जनसंख्या (प्रतिशत):

नेपालमा विगत चार दशकमा महिलाको उमेर समुहगत जनसंख्यालाई तुलना गर्दा युवतीहरुको हिस्सा घटिरहेको छ भने आर्थिकरुपले सकृय उमेर समुह (Economically active population) १५-५९ र वृद्धावस्थाका महिलाहरुको प्रतिशत बढ्दो छ । हालसम्म आर्थिकरुपले सकृय उमेर समुह तुलनात्मकरुपमा बढिरहेको देखिन्छ जुन देशको लागि लाभदायक छ । यद्धपि बृद्धावस्था (६०⁺) का महिलाहरुको वृद्धि प्रतिशत पनि उल्लेख्यरुपमा बढिरहेको छ ।

| उमेर समूह (वर्ष) | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|
| ० - १४ | ४१.३ | ३८.५ | ३३.२ | २६.१ |
| १५ - ५९ | ५३ | ५५ | ५८.८ | ६३.७ |
| ६०⁺ | ५.७ | ६.५ | ८.० | १०.३ |

#### २.१.३ महिला परिवारमुली भएको परिवार संख्या :


परिवारको समग्र व्यवस्थापन तथा निर्णय गर्ने परिवार सदस्यलाई परिवारमुली भनिन्छ । हाम्रो जस्तो पितृसत्तात्मक देशमा पुरुषको वर्चश्व रहिआएता पनि पछिल्ला वर्षहरुमा महिला परिवार मुली भएको परिवार संख्यामा क्रमशः वृद्धि भएको देखिन्छ । २०४८ मा महिला परिवारमुली भएको परिवार ६.५ प्रतिशत थियो भने पछिल्लो जनगणना २०७८ अनुसार यो ३१.६ प्रतिशत रहेको देखिन्छ ।




महिला परिवारमुलीको प्रतिशत क्रमशः बढ्दै जानुले लैङ्गिक असमानता कम गर्न मद्दत पुऱ्याउँछ ।

#### २.१.४ बैदेशिक रोजगारीमा महिलाको संख्या :

पछिल्ला चार दशकमा विदेश जाने पुरुष संख्याको वृद्धिदर निकै उच्च रहेको देखिन्छ भने तुलनात्मकरुपमा महिलाको वृद्धिदर कम देखिएता पनि विदेशिने क्रम भने बढ्दै गएको देखिन्छ । चार दशक बीचमा विदेश जाने पुरुष करिव ५ लाखबाट १८ लाख पुगेको देखिन्छ भने महिला करिव १ लाखबाट बढेर करिव ४ लाख पुगेको देखिन्छ ।







### २.२ स्वास्थ्य :

पछिल्लो चार दशकमा नेपालमा महिलाहरुको स्वास्थ्यमा उल्लेख्य सुधार भएको छ । प्राथमिक स्वास्थ्य सेवा गाउँगाउँसम्म पुगेको छ जसले महिलाहरुलाई सजिलै स्वास्थ्य सुविधा लिन सक्ने अवसर मिलेको छ । मातृ मृत्युदर घटेको छ, खोप तथा पोषण सेवाले महिलाहरुको रोगप्रतिरोधात्मक क्षमता बढाउन सहयोग पुगेको छ । शिक्षामा विस्तार, स्वास्थ्यप्रति चेतनामा अभिवृद्धि, स्वास्थ्य विज्ञानमा नयाँनयाँ आविस्कार आदिले महिला स्वास्थ्य सुधारोन्मुख देखिन्छ ।


#### २.२.१ औसत आयु:

जीवनस्तर, शिक्षा र स्वास्थ्यमा भएको क्रमिक सुधारले महिला र पुरुषको औसत आयु निरन्तर बढिरहेको छ । पछिल्ला केही दशकदेखि महिलाको औसत आयु तुलनात्मक रुपमा पुरुषको भन्दा बढी देखिएको छ । महिला स्वास्थ्यमा क्रमिक सुधार, मातृ मृत्युदरमा उल्लेख्यरुपमा कमी तथा बालबालिकाको हेरचाहमा भएको सुधार लगायतका कारण महिलाको औसत आयु पुरुषको भन्दा बढी देखिएको छ ।





#### २.२.२ प्रजनन् दर (१५-४९ वर्ष उमेर समुह) :

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणहरुका प्रतिवेदनअनुसार महिलाको प्रजनन् दर पछिल्ला वर्षमा उल्लेख्यरुपमा कमी आएको छ । यस अनुसार वि.सं २०६३ मा १५- ४९ वर्ष उमेर समुहका प्रति महिलाले ३.१ बच्चा जन्माएको देखिन्छ भने वि.सं. २०७९ मा आएर सोही समुहका एक महिलाले सरदर २.१ बच्चाको जन्म दिएको देखिन्छ । अर्थात पछिल्लो समय १५-४९ वर्ष उमेर समुहका १० महिलाले २१ बच्चाको जन्म दिएको देखिन्छ ।




#### २.२.३ मातृ मृत्युदर (एक लाख जीवित जन्ममा):


प्रस्तुत चार्टले मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) क्रमशः घट्दै गएको देखिन्छ । वि.स.२०५३ सालमा मातृ मृत्युदर ५३९ थियो, जुन २०६३ मा २८१ मा झरेको थियो । त्यसपछि २०७३ मा २३९ हुदै २०७८ मा उल्लेखनीयरुपमा कम हुनगई १५१ मा झरेको देखिन्छ । नेपालमा समयक्रममा स्वास्थ्य सेवा, सुरक्षित प्रसूति र मातृ स्वास्थ्य सुधारका कारण मातृ मृत्युदर पछिल्ला वर्षहरुमा कम हुँदै गएको देखिन्छ ।







#### २.२.४ महिलाको विवाह गर्ने सरदर उमेर:

प्रस्तुत ग्राफले विभिन्न वर्षहरुमा महिला पुरुषको विवाहको सरदर उमेर के कसरी परिवर्तन भएको छ भन्ने देखाउँछ । २०४८ सालमा महिलाको सरदर विवाहको उमेर १८.१ वर्ष र पुरुषको २१.४ वर्ष थियो, जुन २०७८ सालमा क्रमशः २१.८ वर्ष र २५.५ वर्ष पुगेको छ । यसले समयसँगै महिला र पुरुष दुवैको विवाहको सरदर उमेर समेत बढ्दै गएको देखिन्छ ।





#### २.२.५ कम उमेरमा विवाह गर्ने महिलाको स्थिति :

नेपालमा २० वर्षभन्दा कम उमेरमा विवाह गर्न नपाइने कानुनी व्यवस्था छ तथापि यो क्रम संलग्न ग्राफले जारी रहेको देखाउँछ । यद्धपि यो घट्ने क्रम भने सकारात्मक प्रवृत्तिमा रहेको देखिन्छ । २०८१ मा प्रकाशित विवरण अनुसार अझै पनि १८ वर्ष भन्दा अगाडि नै विवाह गर्ने महिलाको संख्या २७.६ प्रतिशत रहेको देखिन्छ । यसरी नै १५ वर्ष भन्दा अगाडि नै विवाह गर्ने महिलाको संख्या ५.१ प्रतिशत देखिन्छ ।




#### २.२.६ ज्यान जोखिममा रहेका सुत्केरी गर्भवती महिलाको हवाई उद्धार :

यस मन्त्रालयले विगत लामो समयदेखि दुर्गम क्षेत्रमा ज्यान जोखिममा रहेका सुत्केरी गर्भवती महिलाहरुलाई हवाई उद्धार (हेली लिफ्ट) गर्दै आएको छ । सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको समन्वयमा यस प्रकारको उद्धार कार्य सञ्चालन हुँदा धेरै सुत्केरी गर्भवती महिलाहरुको ज्यान बचाउन सकिएको छ । आर्थिक वर्ष २०८१/८२ मा ज्यान जोखिममा रहेका १३२ जना सुत्केरी गर्भवती महिलाहरुको हवाई उद्धार गरिएको छ । स्थानीयस्तरमै बर्थिङ्ग सेन्टर स्थापना गर्न पहल गर्दै हवाई उद्धारलाई क्रमशः कम गर्ने मन्त्रालयको उद्देश्य रहेको छ ।




#### २.२.७ नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका स्वास्थ्यकर्मी :

वि.सं. २०८१ सम्ममा नेपालमा कुल मेडिकल चिकित्सकको संख्या ३२,२४७ पुगेको छ, जसमध्ये महिलाको संख्या १०,८२८ (३३.६%) रहेको छ । तुलनात्मक रुपमा दन्त चिकित्सक क्षेत्रमा महिलाको संख्या ६५.५ प्रतिशत पुगेको देखिन्छ । तथापि विशेषज्ञ तहका पदहरुमा महिलाको संख्या भने करिव ३० प्रतिशत मात्र रहेको देखिन्छ ।

| चिकित्सा क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| मेडिकल चिकित्सक | १०८२८ | २१४१९ | ३२२४७ |
| दन्त चिकित्सक | ३५०१ | १८४६ | ५३४७ |
| MD/MS/MDS | ३४९१ | ८१२५ | ११६१६ |




### २.३ शिक्षा :

नेपालमा महिला शिक्षाको अवस्था विगतका वर्षहरुको तुलनामा उल्लेखनीय रुपमा सुधार हुँदै आएको छ । साक्षरता दरमा वृद्धि र विद्यालय भर्ना क्रमशः बढ्नुले महिलाको शिक्षामा पहुँच विस्तार भएको देखिन्छ । सरकार तथा विभिन्न संघसंस्थाहरुले छात्रवृत्ति, नि:शुल्क शिक्षा र सचेतना कार्यक्रममार्फत बालबालिका शिक्षालाई प्रोत्साहन गर्दै आएका छन् । तथापि ग्रामिण क्षेत्र, गरिबी र बालविवाह, लैङ्गिक विभेदजस्ता कारणले अझै पनि धेरै महिलाहरु शिक्षा प्राप्त गर्नबाट बञ्चित छन् ।


#### २.३.१ साक्षरता दर :

महिला र पुरुष बीचको असमानता घटाउन शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । पछिल्ला वर्षहरुमा महिला पुरुष दुबैको साक्षरता दर बढेको देखिन्छ यद्धपि अन्तर भने कायमै रहेको छ । वि.सं.२०४८ मा महिला साक्षरता दर २५ प्रतिशत थियो भने २०७८ मा यो बढेर ६९.४ प्रतिशत पुगेको छ । यसै बीच पछिल्लो जनगणना २०७८ अनुसार पुरुषको साक्षरता दर ८३.६ प्रतिशत पुगेको छ ।




#### २.३.२ बैदेशिक अध्ययनमा जाने छात्रछात्राको संख्या:

नेपालमा शिक्षा मन्त्रालयले वैदेशिक अध्ययनमा जाने छात्रछात्रालाई No Objection Certificate (NOC) दिदै आएको छ । संलग्न तथ्याङ्कअनुसार आ.व. २०७८/७९ देखि २०८१/८२ सम्म NOC लिने विद्यार्थीहरुको संख्या प्रत्येक वर्ष क्रमशः बढ्दै गएको देखिन्छ । सबै वर्षहरुमा छात्रहरुको संख्या छात्राकोभन्दा बढिरहेको छ । तर छात्राको संख्या पनि प्रत्येक वर्ष निरन्तर वृद्धि भइरहेको देखिन्छ । यसले विदेश अध्ययन प्रति छात्राको रुचि पनि क्रमशः बढिरहेको संकेत गर्दछ ।




#### २.३.३ उच्च शिक्षामा महिला विद्यार्थीको संकायगत भर्ना स्थिति :

संलग्न तालिकाले पछिल्लो दुई आर्थिक वर्षमा विभिन्न संकायको उच्च शिक्षामा भर्नाभएका छात्रछात्राको संख्यात्मक सहभागिता देखाउँछ । सबैजसो संकायमा विद्यार्थी भर्ना संख्या बढेको देखिन्छ । शिक्षा र व्यवस्थापन संकायमा महिला भर्ना संख्या पुरुषभन्दा धेरै छ । विशेषत व्यवस्थापन संकायमा महिला संख्या सबैभन्दा बढी

| आ.व. | शिक्षा | | इन्जिनियरिङ | | व्यवस्थापन | | चिकित्साशास्त्र | | विज्ञान र प्रविधि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| २०८१/८२ | ११२,३३६ | ४६,६४० | ९,९०६ | २८,०६६ | १७८,४०९ | १२३,४१२ | १९,५०७ | १२,९८६ | १७,६८९ | २५,८४० |
| २०८०/८१ | १००,२३० | ३९,१८७ | ८,१६८ | २५,३०६ | १६२,७३३ | १२०,१०३ | १८,६०८ | १२,६८० | १७,१८८ | २६,६९८ |